जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २४५ पृष्ठः ४ | २०८२ माघ ०७ बुधबार (Wednesday 21 Jan. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहा-४ मा रोचक प्रतिस्पर्धा : ५ पूर्वमन्त्रीले दिए उम्मेदवारी

जनता समाजवादी पार्टी, नेपालबाट केन्द्रीय उपाध्यक्ष राजकिशोर यादव, जनमत पार्टीबाट वीरेन्द्रप्रसाद महतो, नेकपाबाट अजयशंकर नायक, एमालेबाट धर्मनाथ साह र बहुजनशक्ति पार्टीबाट विश्वेन्द्र पासवानले यहाँबाट उम्मेदवारी दिएका छन्।



**विनय आजाद**

सिरहा, ६ माघ। सिरहा निर्वाचन क्षेत्र नम्बर ४ बाट पाँच जना पूर्वमन्त्रीले उम्मेदवारी दिएका दिएका छन्। मिर्चैयास्थित निर्वाचन अधिकृतको कार्यालयमा सोमबार पाँच जना पूर्वमन्त्रीले मनोनयन दर्ता गराएका हुन्। जनता समाजवादी पार्टी, नेपालबाट केन्द्रीय उपाध्यक्ष राजकिशोर यादव, जनमत पार्टीबाट वीरेन्द्रप्रसाद महतो, नेकपाबाट अजयशंकर नायक, एमालेबाट धर्मनाथ साह र बहुजनशक्ति पार्टीबाट विश्वेन्द्र पासवानले यहाँबाट उम्मेदवारी दिएका छन्। यसमध्ये राजकिशोर तीन पटक सांसद र दुई पटक मन्त्री भइसकेका छन्। यसअघि सिरहा २ बाट चुनाव जितेका उनी त्यसअघि सिरहा ४ बाटै निर्वाचित भएका थिए। जनमतका वीरेन्द्र भने यसअघि यसै क्षेत्रबाट जसपा नेपालबाट चुनाव जितेर सांसद हुँदै मन्त्री भएका थिए।

दुई पटक सांसद भएका उनी त्यसअघि सोही जसपा नेपालबाटै समानुपातिक सांसद भएका थिए। तर, जसपा नेपालबाट फुटेर बनेको जसपामा लागेका महतो यसपालि भने चुनावको मुखैमा जनमतबाट टिकट लिएर चुनावी प्रतिस्पर्धामा होमिएका हुन्। नेकपाका अजय शंकर भने समानुपातिक सांसद भएर मन्त्री भएका हुन्। यसअघि २०७४ मा प्रत्यक्ष चुनाव लडेका उनी जसपा नेपालका राजकिशोर यादवसँग पराजित भएका थिए। एमालेका धर्मनाथ भने प्रत्यक्ष र समानुपातिक गरी दुई पटक सांसद

–बाँकी तीन पेजमा

## नेकपाबाट टिकट नपाएका धर्मनाथ साहले एमालेबाट दिए उम्मेदवारी

**विनय आजाद**

सिरहा, ६ माघ। नेकपाका नेता धर्मनाथ साहले नेकपा एमालेबाट सिरहा ४ मा उम्मेदवारी दिएका छन्। नेकपाले टिकट नदिएपछि उनी एमालेबाट उम्मेदवार बनेका हुन्।पूर्वमन्त्रीसमेत रहेका साह यसअघि एमालेमै थिए भने पार्टी विभाजन हुँदा माधव नेपालसँगै लागेर नेकपा एसको उपाध्यक्ष बनेका थिए। नेकपाबाट यहाँ अजयशंकर नायकले उम्मेदवारी दिएका छन्।



## १९ वर्षपछि हत्यामा संलग्न आरोपी पक्राउ

**मणिलाल विश्वकर्मा**

लहान, ६ माघ। प्रेम प्रस्ताव अस्वीकार गरेकी करिब १६ वर्षीया बालिका हत्यामा संलग्न भई फरार रहेका आरोपीलाई सिरहा प्रहरीले १९ वर्षपछि पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सिराहाको साबिक बेलहा गाविस–७ (हाल कल्याणपुर नगरपालिका) की बालिकालाई १३ मंसिर ०६३ मा घाँटी थिचेर हत्या गरी फरार रहेका आरोपी करिब ४९ वर्षीय उत्तिम मुखियालाई प्रहरीले पक्राउ गरेको हो। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार आरोपी मुखियालाई खोजतलासको क्रममा शुक्रबार घरमै लुकिछिपी बसिरहेको

–बाँकी तीन पेजमा

## सिरहा–२ बाट कांग्रेसका रामचन्द्र यादवको उम्मेदवारी दर्ता

सिरहा, ६ माघ। सिरहा जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ बाट नेपाली कांग्रेसका तर्फबाट रामचन्द्र यादवले उम्मेदवारी दर्ता गराएका छन्। लामो समयदेखि पार्टी संगठन, जनसेवा र लोकतान्त्रिक आन्दोलनमा सक्रिय रहँदै आएका यादवले जनताको विश्वास, माया र साथलाई आफ्नो प्रमुख शक्ति भएको बताएका छन्। उम्मेदवारी दर्तापछि जारी सन्देशमा यादवले सिरहा–२ का जनताको शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, सिँचाइ, पूर्वाधार विकास तथा सामाजिक न्यायका सवाललाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।



संविधानको मर्मअनुसार समावेशी, पारदर्शी र उत्तरदायी प्रतिनिधित्व आफ्नो मुख्य उद्देश्य रहेको उनले उल्लेख गरेका छन्। यादवले जनताका समस्यालाई संसदसम्म पुऱ्याउने, विकास योजनालाई व्यवहारमा उतार्ने र युवालाई स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्ने स्पष्ट प्रतिबद्धता जनाएका छन्। उनले यस निर्वाचनलाई व्यक्तिगत प्रतिस्पर्धा नभई क्षेत्रको भविष्य निर्माण गर्ने अवसरका रूपमा लिएको बताउँदै मतदाता, शुभेच्छुक र पार्टी कार्यकर्तासँग सुझाव, सल्लाह, सक्रिय सहभागिता र मतको अपिल गरेका छन्। लोकतन्त्रलाई सुदृढ बनाउँदै सिरहा २ को समुन्नत भविष्यका लागि एकजुट भएर अघि बढ्न उनले सबैसँग आग्रह गरेका छन्।



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**स्तन क्यान्सरका लक्षण**

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो खस्रो हुनु,
- स्तनको मुन्टो भित्र जानु,
- स्तनको मुन्टोबाट रगत वा पिप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए चिकित्सकसँग तुरुन्तै परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## उत्साहपूर्वक उमेदवारी दर्ता

फागुन २१ गते मतदान हुने प्रतिनिधि सभा निर्वाचनका लागि आज देशभर उत्साहपूर्वक उमेदवारी दर्ता गराइएको छ। निर्वाचन गराउन गठित मन्त्रिपरिषद्का बहालवाला मन्त्रीहरू नै धमाधम पदबाट राजीनाम दिएर चुनावमा होमिएका छन्। युवा उमेदवारहरूको अनुपात पनि सम्भवतः यसपटक इतिहासमै सबैभन्दा धेरै हुनेछ। यसले चुनावको सम्भावनालाई बढाएको छ। भदौ २३–२४ को आन्दोलनलाई शङ्काको दृष्टिले हेर्ने र प्रतिनिधि सभा विघटनविरुद्ध अदालत गएकाहरू पनि चुनावमा विनासङ्कोच समाहित हुनु सकारात्मक पक्ष हो। यसले उनीहरूको लोकतान्त्रिक प्रतिबद्धता पुष्टि गरेको छ। त्यसो त स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरू पदावधि बाँकी छँदै प्रतिनिधि सभाको उमेदवार हुनेहरू पनि देखिएका छन्। केहीले त प्रदेश सभाबाट राजीनामा गरेर पनि प्रतिनिधि सभामा उमेदवारी दिएका छन्। यिनमा देखिएको पदलोलुपताले अस्थिरता बढाउने सङ्केत देखाएको छ।

यी पङ्क्तिहरू लेख्दासम्म देशका अरू भागमा उमेदवारी दर्ता शान्तिपूर्वक नै भएको छ। झापा–५ मा भने राष्ट्रिय स्वतन्त्र पार्टी र नेकपा (एमाले)का कार्यकर्ताबीच झडप भएको छ। झापा –५ मा पहिलेदेखि प्रतिनिधित्व गर्दैआएका पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र काठमाडौं महानगरपालिकाको प्रमुख पदबाट राजीनामा गरेर चुनाव लड्नैका लागि झापा गएका बालेन्द्र शाह (बालेन) पनि प्रतिस्पर्धा गर्दैछन्। निर्वाचन आयोगले उमेदवारी दर्ता गराउँदा जुलुस, बाजागाजा केही प्रदर्शन नगर्न भनेको थियो। निर्वाचन आचार संहिताले पनि त्यसलाई गर्न निषेध गरेको छ। तर, झापामा भने उमेदवारी दर्ताकै दिन जुलुस निकालियो र झडप भयो। प्रधानमन्त्रीका घोषित उमेदवारहरू बीचको भिडन्तमा भएको आचार संहिता उल्ल  नप्रति ओयोगले गर्ने कारबाहीले चुनाव अभियान पक्कै प्रभावित हुनेछ।

जेनजीका नाममा भएको आन्दोलनपछि गठित सरकारको मूल कार्यादेश फागुन २१ गते निष्पक्ष निर्वाचन गराउनु हो। तर सरकार भने एउटा पार्टी विशेषप्रति बढी नै ढल्केको देखिन थालेको छ। पक्कै पनि यस्तो परिदृश्यले निर्वाचनको वातावरण धमिलो बनाउँ छ। उमेदवारी दर्ता गर्नुभन्दा अगिल्लो दिनसम्म मन्त्री रहेकाहरू आफ्नो पार्टीप्रति निष्ठावान् देखिनु अनुचित भए पनि अस्वाभाविक होइन। तर, अब सरकारी संयन्त्रलाई कुनै पार्टी वा उमेदवार विशेषको पक्षविपक्षमा प्रयोग हुन नदिने जिम्मेवारी भने प्रधानमन्त्रीको हो। निर्वाचन आयोगले पनि पार्टी वा व्यक्ति विशेषको पक्ष लिएको देखियो भने निर्वाचनकै वैधतामा प्रश्न उठ्नेछ।

## कांग्रेसले प्रत्यक्षतर्फ उठाएका उम्मेदवारमा गण्डकी र सुदुरपश्चिममा महिला उम्मेदवार शून्य


**प्रकृति दाहाल**

काठमाडौँ, ६ माघ। प्रतिनिधि सभा निर्वाचनका लागि कांग्रेसले देशभर ११ महिलालाई प्रत्यक्षतर्फ उम्मेदवार बनाएको छ। काठमाडौं जिल्लाका १० निर्वाचन क्षेत्रमध्ये दुई निर्वाचन क्षेत्रमा महिलाले टिकट पाएका छन्। जसमा काठमाडौं क्षेत्र नम्बर ८ बाट सपना राजभण्डारी र काठमाडौं क्षेत्र नम्बर ९ बाट नानु बास्तोला उम्मेदवार छन्। बाग्मती प्रदेशका ३३ निर्वाचन क्षेत्रमध्ये कांग्रेसले ५ महिलालाई उम्मेदवार बनाएको छ। राजभण्डारी र बास्तोलासँगै मकवानपुर–१ बाट महालक्ष्मी उपाध्याय ‘डिना’, सिन्धुलीबाट सुशीला थिङ र चितवन–२ बाट मीनाकुमारी खरेल उम्मेदवार छन्।

मधेश प्रदेशका ३२ निर्वाचन क्षेत्रमध्ये महोत्तरी–२ बाट किरण यादव र सिरहा–४ बाट चन्द्रकला कुमारी यादव उम्मेदवार बनेका छन्। कोशी प्रदेशका २८ निर्वाचन क्षेत्रमध्ये झापा–२ बाट सरिता प्रसाई र झापा–५ बाट मन्धरा घिमिरे गरी दुई जना महिलाले टिकट पाएका छन्। लुम्बिनी प्रदेश अन्तर्गत रुकुम पूर्वबाट कुसुमदेवी थापामगरले टिकट पाएकी छन्। उक्त प्रदेशमा २६ निर्वाचन क्षेत्र रहेका छन्। कर्णाली प्रदेशका १२ निर्वाचन क्षेत्रमध्ये दैलेख–१ बाट बासना थापालाई उम्मेदवार बनाइएको छ। गण्डकी र सुदूरपश्चिम प्रदेशमा भने कांग्रेसले कुनै पनि महिला उम्मेदवार उठाएको छैन।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकार
को हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने
दायित्व प्रत्येक नागरिकको हो।
छुवाछुतलाई कानूनले दण्डणीय अपराध
घोषणा गरेको छ।

# निर्वाचनको जंगीकरणले निम्त्याउने दीर्घकालीन खतरा



**राजेन्द्र दाहाल**

लोकतन्त्रको मूल अभ्यास निर्वाचन नागरिक प्रक्रियाबाट सञ्चालन हुनुपर्ने हो। तर, त्यसो नभई सुरक्षा फौजमा अत्यधिक निर्भर बन्दै गएको छ। यो लोकतन्त्रका लागि दीर्घकालीन खतरा हो। यस पटकको निर्वाचनमा राजनीतिक माहौल बनिरहेको देखिंदैन। यो कुनै आश्चर्यको विषय होइन। किनकि यो चुनाव स्वाभाविक राजनीतिक प्रक्रियाबाट हुन लागेको होइन। यो परिबन्दमा परेर गर्न लागिएको बाध्यताको चुनाव हो। २०८२ भदौ २३ र २४ गते मुलुक जुन स्तरको अस्तव्यस्तता र अराजकतामा फस्यो, त्यसले राज्यलाई तत्काल कुनै न कुनै निकास खोज्न बाध्य बनायो। विगतमा यस्ता गम्भीर संकट आउँदा अन्तिम विकल्पका रूपमा सर्वदलीय बैठक, सेना परिचालन वा आपतकालीन व्यवस्था अपनाइन्थ्यो। तर, यो पटक ती सबै विकल्प एकैचोटि निष्क्रिय बने। ती उपायहरू प्रयोगबाहिर धकेलिएको अवस्थामा आन्दोलनरत पक्षबाट अत्यन्त ठूलो माग अघि सारियो– संसद् विघटन।

त्यो समय सिंहदरबार र शीतल निवासमा आगलागी भइरहेको थियो। सर्वोच्च अदालत समेत त्यसैको लपेटामा परिसकेको थियो। राज्य संयन्त्रका लागि तत्काल आगो निभाउनु पहिलो प्राथमिकता बन्यो। यही अवस्थामा राष्ट्रपतिले संसद् विघटन नगरी प्रधानमन्त्री नियुक्त गर्ने र नवनियुक्त प्रधानमन्त्रीको सिफारिशमा संसद् विघटन गर्ने बाटो रोजे। तीन वर्ष पनि पूरा नगरेको संसद् विघटन गरिनु असाधारण र बाध्यकारी निर्णय थियो। भदौ २७ गते नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीको सिफारिशमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा विघटन गरी फागुन २१ गते निर्वाचनको मिति तोके। तोकिएको समयमा निर्वाचन हुन नसके संवैधानिक संकट अझ गहिरिने सम्भावना छ। संविधानले नचिन्ने प्रक्रिया र संविधानले नचिन्ने व्यक्तिलाई प्रधानमन्त्री बनाइएको अवस्थालाई जनमत मार्फत सच्याइने विश्वास गरिएको छ। जनतामा गएपछि सबै त्रुटि सच्चिन्छन् र संवैधानिक मार्गमा राज्य पुनः फर्किन्छ भन्ने बुझाइबाट निर्वाचनलाई अन्तिम निकासका रूपमा प्रस्तुत गरिएको हो। यो प्रक्रिया संकटबाट बाहिर निस्कने सबैभन्दा राम्रो उपाय हो।

शुरूकै प्रश्नमा फर्कौं। यस निर्वाचनमा किन उत्साह पैदा हुन सकिरहेको छैन? बाध्यतामा गरिएको निर्वाचनले स्वाभाविक राजनीतिक उत्साह सिर्जना गर्न सक्दैन। सुशीला कार्की सरकार गठनपछि जुन किसिमको राजनीतिक वातावरण बनाइनुपर्ने थियो, त्यो बन्न सकेन। आक्रोशको ज्वाला शान्त हुन सकेन। स–साना विषयमा पनि प्रधानमन्त्रीको राजीनामा माग्न थालियो। विभिन्न किसिमका धम्की, घुर्की र दबाबहरू आइरहेका छन्। भदौ अन्तिम साताको अस्तव्यस्तपछि प्रकट भएका नवपुस्ता लगायत विभिन्न समूहसित सम्झौता गर्दै मुलुक आजको अवस्थामा आइपुगेको छ। यस परिस्थितिमा स्थापित राजनीतिक दलका नेताहरू विवश देखिन्छन्।

चुनावी माहौल सिर्जना गर्ने भनेकै राजनीतिक दलहरू हुन्। दलहरू नै रक्षात्मक बन्नु परेकाले चुनावी चहलपहल कमजोर छ। चारैतिर आक्रोश फैलिरहेको छ। राजनीतिक दिशा प्रस्ट छैन। पहिलो पटक यस्तो देखिंदैछ, निर्वाचनको मुखमा आइपुग्दा धेरै चिनिएका राजनीतिक व्यक्तित्वले सार्वजनिक रूपमा चुनाव नउठ्ने घोषणा गरिरहेका छन्। उनीहरू राजनीतिमा सक्रिय छन्, पार्टीमा छन्, तर निर्वाचन प्रक्रियाबाट आफूलाई अलग राखिरहेका छन्।

चार पटक संसद्को निर्वाचन जितिसकेका एक जना नेताले यस पटक चुनाव नउठ्नुको कारण उचित वातावरण नभएको बताए। नयाँपुस्तालाई अवसर दिनुपर्ने भन्दै निर्णयलाई बाध्यताका रूपमा व्याख्या गरे। चुनाव जितेर संसद् पुगेपछि माननीय भनिन्थ्यो। तर, आज मान विनाको माननीय भएको अनुभूति उनको थियो। मन्त्री नहुने सांसद संसद्मा बसेर केवल हात उठाउने भूमिकामा सीमित भएको, निरन्तर आलोचना र गाली सहनुपर्ने अवस्था सिर्जना भएको उनको गुनासो थियो।

त्यो बाहेक निर्वाचन खर्च असह्य बन्दै गएको छ। रु.एक करोडभन्दा कम खर्चमा चुनाव उठ्न सकिने अवस्था समाप्त भइसकेको छ। सयौं मतदान केन्द्रमा प्रतिनिधि खटाउनुपर्ने, तिनको खर्च बेहोर्नुपर्ने, प्रचार र व्यवस्थापनको भार थपिंदै गएको छ। चार पटक चुनाव जित्दा पनि कहिल्यै मन्त्री हुन नपाएको अनुभवले उनमा निराशा थपेको बुझ्न सकिन्थ्यो। भूमिका निर्वाह गर्न नपाइने गाली मात्रै खानुपर्ने अवस्थाले धेरैलाई संसद् राजनीतिबाट टाढा धकेलेको छ।

यो समस्या व्यक्तिमा मात्र सीमित छैन। देश स्वयं पनि अत्यधिक खर्चको भार बोकेर निर्वाचनतर्फ अघि बढिरहेको छ। यो पटक निर्वाचनको प्रत्यक्ष खर्च रु.२३ देखि २५ अर्ब पुग्ने अनुमान गरिएको छ। त्यसमा झन्डै रु.१९ देखि २० अर्ब सुरक्षा खर्चका नाममा छुट्याइएको छ। अर्थमन्त्रीले चुनाव कम खर्चिलो बनाउनुपर्ने भनाइ सार्वजनिक गरिरहँदा खर्चका तथ्यांकहरू त्यसको ठीक उल्टो देखिइरहेका छन्। जेन–जी प्रदर्शन, जेलबाट भागेका कैदी वा लुटिएका हतियारका कारण सुरक्षा खर्च बढेको भनेर व्याख्या गर्न मिल्दैन। विगतका निर्वाचनहरू हेर्दा सुरक्षा खर्च निरन्तर बढ्दै गएको देखिन्छ। २०७४ र २०७९ सालमा क्रमशः रु.१७ अर्बबाट १९ अर्ब हुँदै अहिले रु.२५ अर्ब नजीक पुगेको चुनावी खर्चको ग्राफले यो प्रवृत्ति नरोकिने स्पष्ट पार्छ।

निर्वाचन आयोगको खर्च मतपत्र छपाइ, निर्वाचन सामग्री, स्टेशनरी र प्रशासनिक व्यवस्थापनमा सीमित हुन्छ। त्यस्तो खर्च केही अर्बभन्दा धेरै हुँदैन। तर, ठूलो रकम सुरक्षा खर्चका नाममा जान्छ। सुरक्षा भन्नाले नियमित तलब खाइरहेका सुरक्षाकर्मी नै हुन् भनी बुझ्नुपर्छ। म्यादी सुरक्षाकर्मी बाहेक अधिकांश खर्च अतिरिक्त भत्ता र व्यवस्थापनमा जान्छ। निर्वाचन अधिकृतका रूपमा खटाइने न्यायाधीश पनि राज्यकै नियमित कर्मचारी हुन्। यसरी प्रत्यक्ष खर्च अस्वाभाविक रूपमा बढ्दै गएको छ।

यसको प्रत्यक्ष असर मतदातामा परेको छ। हालको अनुमान अनुसार एक जना मतदाताका लागि राज्यले करीब चौध सय रुपैयाँ प्रत्यक्ष खर्च गरिरहेको छ। करीब १ करोड ९० लाख मतदातालाई आधार मानेर गरिएको यस खर्चमा उम्मेदवार, पार्टी र नियमित सरकारी खर्च समावेश छैन। करीब ६० देखि ६५ प्रतिशतभन्दा माथि मतदान हुने गरेको छैन। राज्यले खर्च त सबै मतदाताका नाममा गरेको छ। यसको अर्थ ठूलो मात्रामा स्रोत खेर गइरहेको छ।

चुनाव भनेको लोकतन्त्रको उत्सव हो। तर, अहिले चुनाव भन्नासाथ राजनीति, नागरिकका जल्दाबल्दा समस्या र जनचासोभन्दा प्राथमिकतामा सुरक्षा देखिन्छ। यसले नागरिक उत्साह बढाउनुको सट्टा डर र उदासीनता उत्पादन गरिरहेको छ। यसै कारण अहिलेको निर्वाचनलाई केवल प्रक्रिया होइन, लोकतान्त्रिक अभ्यास स्वयं संकटमा परेको संकेतका रूपमा हेर्नुपर्ने अवस्था आएको छ। चुनाव भन्नासाथ नागरिकभन्दा पहिले सेना, प्रहरी र सुरक्षालाई केन्द्रमा राखिने प्रवृत्ति हाबी हुँदै गएको छ। यही प्रवृत्तिले ‘सिभिलियन’ निर्वाचनको जंगीकरण र लोकतान्त्रिक संरचनाहरूको क्षयीकरण हुन थालेको छ।

प्रायः सबै मीडियामा ‘कुन जिल्लामा कति मतदान केन्द्र संवेदनशील छन्’ भन्ने प्रचार एक महीनाअघिदेखि नै शुरू भएको देखिन्छ। ‘संवेदनशील मतदान केन्द्र’को सूची सार्वजनिक गरिन्छ। निश्चय नै कतिपय स्थान संवेदनशील हुन सक्छन्। मतदान केन्द्र र मतपेटिका लुटिन सक्ने, अवाञ्छित गतिविधि हुन सक्ने सम्भावना पूर्णतः अस्वीकार गर्न सकिंदैन। तर, ती सबै कुरा सार्वजनिक रूपमा प्रचार गर्ने विषय होइनन्। सुरक्षा व्यवस्थापनको जिम्मा लिएको निकायले आफ्नो दायित्वभित्र रहेर व्यवस्थापन गर्ने कुरा हो। त्यसका लागि बजेट चाहिन्छ भने बजेट माग्ने हो। तर, सम्पूर्ण समाजलाई डर र असुरक्षाको मनोविज्ञानमा धकेल्ने गरी प्रचार गर्नु लोकतान्त्रिक अभ्यास होइन।

संवेदनशीलताको अत्यधिक ‘लेबलिङ’ चुनावी बजेट बढाउने एउटा माध्यम बन्दै गएको छ। जसरी हुन्छ खर्च बढाउने प्रवृत्ति मौलाउँदै गएको छ। परिणामस्वरूप निर्वाचन कर्मचारी र सुरक्षाकर्मीका लागि छुट्टै काम र छुट्टै अवसर जस्तो बनेको छ। कार्यालयमा बसेर गर्ने नियमित कामको तलबभन्दा बाहिर निर्वाचनमा खटिंदा थप भत्ता, सुविधा र व्यवस्थापन खर्च जोडिन्छ। स्थलगत रूपमा खटिंदा केही अतिरिक्त खर्च आवश्यक पर्नु स्वाभाविक हो। तर त्यस सीमाभित्र सीमित भएमा यति ठूलो खर्च आवश्यक पर्दैनथ्यो।

चुनावमा ८० हजार सेना परिचालन हुने समाचार सार्वजनिक भएका छन्। यदि यसलाई सही मान्ने हो भने यसको अर्थ ती सुरक्षाकर्मीका लागि अतिरिक्त खर्च र भत्ता सुनिश्चित गर्नु हो। यसले खर्चलाई अझै अस्वाभाविक बनाएको छ। मेरो बुझाइमा निर्वाचन कर्मचारीले ‘सिभिलियन’ ढंगले सञ्चालन गर्नुपर्ने प्रक्रिया हो। अझ आदर्श रूपमा हेर्ने हो भने म्यादी प्रहरीको सट्टा स्वयंसेवकको अवधारणा विकास गर्न सकिन्थ्यो। निर्वाचनमा सहकार्य गर्ने, मतदान प्रक्रियामा सहयोग गर्ने नागरिक स्वयंसेवकको प्रणाली किन विकास गरिएन भन्ने प्रश्न उठ्छ। प्रतिस्पर्धामा रहेका राजनीतिक दलहरूबीच सहमति भएमा स्वयंसेवक परिचालनमा आपत्ति गर्नुपर्ने कारण देखिंदैन। तर, अग्रपंक्तिमा नागरिक र पछाडि सुरक्षा संयन्त्र रहने व्यवस्था लोकतन्त्रको आत्मासँग मेल खान्छ।

आज परिस्थिति उल्टिएको छ। नागरिक प्रक्रियामा सञ्चालन हुनुपर्ने निर्वाचनमा जंगी संरचना हाबी हुँदै गएको छ। यसको प्रत्यक्ष असर खर्च वृद्धिमा परेको छ। सुरक्षाकर्मीले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ, त्यसमा विवाद छैन। तर, सबै तहमा सुरक्षाकर्मी नै खटिने, प्रत्येक नागरिकलाई शंकाको दृष्टिले हेर्ने र नेतृत्व स्वयं ‘सिभिलियन’ भूमिका निर्वाह गर्न असफल हुने अवस्था गम्भीर चिन्ताको विषय हो। नागरिक नेतृत्व आफ्नो स्थानमा दृढ रहनुपर्छ। सुरक्षा संयन्त्रलाई उचित निर्देशन, तालीम र उपकरण उपलब्ध गराउने दायित्व नागरिक नेतृत्वकै हो। तर, सबै ठाउँमा सुरक्षा फौजलाई अगाडि सार्ने र नागरिक भूमिकालाई कमजोर बनाउने अभ्यास लोकतन्त्रका लागि दीर्घकालीन खतरा हो।

२०/२५ वर्षपहिले यस्ता बहसहरू नागरिक समाज र राजनीतिक वृत्तमा चुनावअघि निकै हुने गर्थे। अहिले

**–बाँकी तीन पेजमा**

*निर्वाचनको ...*

त्यस्तो बहस हराउँदै गएको छ। निर्वाचनमा जंगीकरण बढ्दै गएको छ। यो अन्ततः कहीं नपुग्ने यात्रा हो। यस पटकको निर्वाचनमा राज्यको प्रत्यक्ष रु.२५ अर्ब र उम्मेदवार, दल र अन्य अप्रत्यक्ष खर्च जोड्दा यो रकम खर्ब नजीक पुग्छ। निर्वाचनका कारण मुलुकका आर्थिक गतिविधि ठप्प हुन्छन्। उत्पादन र उपार्जन रोकिन्छन्। समस्या यहींबाट शुरू हुन्छ।

निर्वाचनमा नागरिक संलग्नताको अवधारणा कमजोर हुँदै गएको छ। पहिले राजनीतिक स्वयंसेवक देखिन्थे। अहिले त्यो दृश्य लगभग समाप्त भएको छ। म्यादी सुरक्षाकर्मीको संख्या बढ्दै गएको छ। पहिले नेपाल प्रहरीले मात्रै म्यादी खटाउँथ्यो। अहिले सशस्त्र प्रहरी पनि थपिएको छ। सम्पूर्ण सुरक्षा संयन्त्रको छाता सेनाको हातमा छ। सर्वोच्च सुरक्षा निकायका रूपमा सेनाको भूमिका स्वाभाविक हो। तर, यसले निर्वाचन नागरिक अभ्यासबाट टाढा गएको संकेत गर्छ।

हामीकहाँ निर्वाचन घोषणा भएपछि ६ महीनाको समय पनि अपुग ठानिन्छ। जबकि, विश्वका धेरै मुलुकमा एक महीनाभित्रै मतदान सम्पन्न गरिन्छ। हामीसँग संघीय संरचना अन्तर्गत ७५३ स्थानीय तह छन्। ती पालिकालाई निर्वाचन व्यवस्थापनमा पूर्ण रूपमा परिचालन गर्न सकिन्थ्यो। निर्वाचन सामग्री सुरक्षित राख्ने, स्वयंसेवक परिचालन गर्ने, आधारभूत व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिन सकिन्थ्यो। केन्द्रले आवश्यक सुरक्षा उपकरण र विशेष व्यवस्थापन मात्र उपलब्ध गराउने हो भने निर्वाचन खर्च पर्याप्त मात्रामा घटाउन सकिन्थ्यो।

२०७२ सालमा बनेको संविधान आज एक दशक पूरा हुँदा पनि पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन। संविधानमा तोकिएको समयसीमाभित्र बनाइनुपर्ने धेरै कानून अझै बनेका छैनन्। निजामती ऐन, प्रहरी ऐन, शिक्षा ऐन जस्ता आधारभूत कानूनहरू अझै अधुरै छन्। संविधानलाई 'पेन्डुलम' जस्तो झुण्ड्याएर राख्दा त्यसको असर संस्थामा पर्छ। संस्थाले अपेक्षित काम गर्न नसक्दा नागरिकमा वितृष्णा पैदा हुन्छ। संस्थाहरूले आफ्नो दायित्व पूरा नगर्दा नागरिक असन्तोष चुलिएको हो।

यसका साथै हामी अर्थतन्त्रमा पनि असफल भयौं। रोजगारी सिर्जना गर्न सकेनौं। उत्पादन र निर्यात बढाउन सकेनौं। श्रम निर्यात बाहेक अन्य विकल्प खोज्न सकेनौं। यसले नागरिक स्रोत कमजोर बनायो। नागरिक समाज कमजोर बन्यो। मीडिया जस्ता 'सिभिलियन' संस्थाहरू कमजोर बने। नागरिक समाज कमजोर भएको छ बहस र छलफल हराउँदै गएका छन्।

यही कारण निर्वाचन प्रक्रियामा सुधार, संविधानको प्रभावकारी कार्यान्वयन र आवश्यक परिमार्जनका बहसहरू सार्वजनिक रूपमा देखिँदैनन्। धेरैको प्राथमिकतामा यो विषय पर्न छाडिसको। सुन्ने र सुनाउने दुवैको अभाव छ। यति हुँदाहुँदै पनि आशा गर्ने ठाउँ पूर्णतः समाप्त भइसकेको छैन। यस निर्वाचनले केही यथास्थितिलाई हल्लाउने संकेत दिएको छ। तर, एउटै निर्वाचनले सम्पूर्ण राजनीतिको दिशा तुरुन्तै बदल्न सक्दैन। दशौं वर्षसम्म थुप्रिएका समस्या एकैचोटि समाधान हुने सम्भावना छैन। सही थालनी भएमा आगामी एक–दुई निर्वाचनपछि मात्र राजनीतिले सही बाटो लिन सक्छ।

आगामी संसद्ले आवश्यक कानून निर्माणमा पहल गर्ला भन्ने अपेक्षा गर्न सकिन्छ। कुनै दलको स्पष्ट बहुमत नआए सरकारदेखि कानून निर्माणको काममा समेत कठिनाइ हुन्छ। कानून निर्माण र कार्यान्वयन विना समाज र राजनीति दुवैले गति पाउँदैनन्। हिमालखबरबाट

# धनुषाको निर्वाचन क्षेत्र नम्बर ३ मा सबैभन्दा बढी रोचक प्रतिस्पर्धा

**नबिन सिंह**

जनकपुर, ६ माघ। फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनकालागि धनुषा हेवी वेटदेखि नयाँ अनुहारले समेत उम्मेदवारी गराएका छन्। धनुषाको निर्वाचन क्षेत्र नम्बर ३ मा सबैभन्दा बढी रोचक प्रतिस्पर्धा हुने देखिएको छ। धनुषा ३मा कांग्रेसबाट विमलेन्द्र निधि, एमालेबाट जुलीकुमारी महतो, रास्वपाबाट मनिष झा मुख्य अनुहारका रुपमा रहेका छन्। नेपाली कांग्रेसबाट विमलेन्द्र निधिले धनुषा ३बाट उम्मेदवारी दर्ता गराउनु भएको हो। नेता कार्यकर्ताहरुको जुलुशसहित पुगेका निधिले निर्वाचन अधिकृतको कार्यालय पुगेर उम्मेदवारी दर्ता गराउनु भएको हो। २०७४ सालको निर्वाचनमा तत्कालिन राजपाका उम्मेदवार राजेन्द्र महतोले पराजित गरेपछि नेपाली कांग्रेसका पूर्व उपसभापति निधि २०७९ सालको निर्वाचनमा समानुपातिक कोटामा प्रतिनिधिसभा सदस्य बन्नु भएको थियो।

त्यस्तै एमालेबाट धनुषा निर्वाचन क्षेत्र नम्बर ३मा नेकपा एमालेकी जुलीकुमारी महतोले उम्मेदवारी दर्ता गराउनु भएको हो। एमालेका नेता कार्यकर्ताका साथै बाजागाजा सहित पुगेकी महतोले धनुषा ३बाट उम्मेदवारी दर्ता गराउनु भएको हो। एमालेले मुलुक भरी चलाएको समृद्धि तथा विकासको अभियान पूरा गर्न बाँकी रहेकैले आफूहरु चुनावमा होमिएको उम्मेदवारी दर्तापछि महतोले बताउनु भयो। उहाँले समृद्ध नेपाल सुखी नेपाली अभियान पूरा गर्नकालागि एमालेलाई बहुमतको सरकार बनाउने गरी मतदान गर्न आग्रह समेत गर्नुभयो। एमाले नेतृ महतो पछिल्लो निर्वाचनमा समेत यही क्षेत्रबाट निर्वाचित भएकी थिइन्। उहाँले तत्कालिन लोसपा पार्टीका उम्मेदवार अनिलकुमार झालाई पराजित गर्दै प्रतिनिधिसभामा पुगेकी थिइन्।

त्यस्तै धनुषा ३मा राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाली कम्युनिष्ट पार्टी र राष्ट्रिय मुक्ति पार्टीका उम्मेदवारहरुले समेत उम्मेदवारी दर्ता गराएका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रवक्ता मनिष झाले उम्मेदवारी दर्ता गराउनु भएको छ। झा महोत्तरी ३को निर्वाचन अधिकृतको कार्यालय पुगेर उम्मेदवारी दर्ता गराउनु भएको हो। उम्मेदवारी दर्ता गराउँदै झाले यो क्षेत्रको सर्वांगिन विकासकालागि आफूले उम्मेदवारी दर्ता गराएको बताउनु भयो। उहाँले पुराना नेताहरु मत लिनेबाहेक केही नगरेको र आफूले काम गर्नकालागि यो क्षेत्रमा उम्मेदवारी दर्ता गराउन लागेको बताउनु भयो। झाले यो निर्वाचनमा जनताले साथ दिए अर्को निर्वाचनमा रिपोर्ट कार्ड लिएर मत माग्न आउने प्रतिवद्धता व्यक्त गर्नु भयो।

पछिल्लो निर्वाचनमा समानुपातिक कोटाबाट प्रतिनिधिसभा सदस्य बनेका झा यस निर्वाचनमा प्रत्यक्ष निर्वाचन लड्न लागेका हुन्। धनुषा ३मा जसपा नेपालबाट परमेश्वर साह, नेपाली कम्युनिष्ट पार्टीबाट राम ललित मण्डल सहितका उम्मेदवारहरुले उम्मेदवारी गराउनु भएको हो।

# महन्थ ठाकुरले छोरीलाई टिकट दिएपछि पार्टीमा बढ्यो असन्तुष्टि

महोत्तरी, ६ माघ। जनता समाजवादी पार्टी नेपालका संरक्षक महन्थ ठाकुरले प्रतिनिधि सभा निर्वाचन अन्तर्गत महोत्तरी–३ मा आफ्नी छोरी डा. मिनाक्षी झालाई उम्मेदवार बनाएपछि पार्टीमा असन्तुष्टि बढेको छ। जसपा नेपालका संरक्षक ठाकुर राष्ट्रिय सभा सदस्य पदमा उम्मेदवार बनेका छन्। आफू चुनाव जित्दै आएको महोत्तरी–३ मा उनले छोरी मिनाक्षीलाई टिकट दिएपछि पार्टीमा असन्तुष्टि बढेको एक नेताले बताए। संरक्षक ठाकुर राष्ट्रिय सभामा जाने भएपछि महोत्तरी–३ मा उम्मेदवारीका लागि हरिनारायण यादव, रामकुमार शर्मा र कृष्णा शंकर साहको नाम जिल्लाबाट सिफारिस भएको थियो। देशभर उम्मेदवारको टुङ्गो लगाउन बनेको समितिले रामकुमार शर्माको नाममा सहमति गरेको थियो।

पार्टी स्रोतका अनुसार साविकको लोसपा नेपाल पक्षका नेतालाई महन्थ ठाकुरले र जसपा नेपाल पक्षका नेतालाई उपेन्द्र यादवले टिकट दिने भनेर सादा टिकट दुवै जनालाई बुझाइएको थियो। तर महन्थ ठाकुरले आफ्नो छोरीको नाम भरेर टिकट पठाएपछि सो क्षेत्रका जसपा नेपालका नेता असन्तुष्ट बनेका छन्। जसपा नेपाल महोत्तरी–३ का एक नेताले भने, 'महन्थ ठाकुर राष्ट्रिय सभामा गइसकेपछि महोत्तरी–३ बाट जसपा नेपालकै कुनै नेता चुनाव लड्ने तय थियो। हरिनारायण यादव या रामकुमार शर्मामध्ये एक जनाले टिकट पाउने कुरा निश्चित थियो, तर पार्टीमा कहिल्यै चर्चा नै नभएको मिनाक्षीको नाममा ठाकुरले टिकट पठाएपछि क्षेत्रका नेता तथा कार्यकर्ता असन्तुष्ट बनेका छन्।'

महन्थ ठाकुरमा परिवारवाद हाबी भएको देखिएको भन्दै उनले संरक्षक ठाकुरले सम्पूर्ण पार्टीलाई संरक्षण गर्नुपर्नेमा आफ्नो छोरी र सम्धीलाई मात्र संरक्षण गरेको आरोप लगाए। ठाकुरका सम्धी उमाकान्त झालाई धनुषा–४ बाट उम्मेदवार बनाइएको छ। अध्यक्ष ठाकुरले आफ्नो छोरीको नाम टिकट पठाएपछि अन्तिम समयसम्म त्यसलाई रोक्न निकै प्रयास भएको थियो। तर अध्यक्ष ठाकुरले 'महोत्तरी–३ बाहेक अरु क्षेत्रमा तपाईंहरूलाई जे–जे गर्नुछ, गर्नुस् तर त्यहाँका लागि मलाई निर्णय गर्न दिनुस्। यसमा कसैले हस्तक्षेप नगर्नुस्' भनेको स्थानीय नेता बताउँछन्। सो क्षेत्रका लागि दावेदार रहेका जसपा नेपालका नेता रामकुमार शर्माले महोत्तरी–३ को हकमा पार्टीको निर्णय जति नै अप्रिय भए पनि आफू त्यसको विरुद्धमा नजाने बताए।



*सिरहा–४ मा रोचक...*

र एक पटक मन्त्री भएका छन्। विश्वेन्द्र भने समानुपातिक सांसद हुँदै मन्त्री भएका हुन्। यससँगै यो क्षेत्र जिल्लामा सबैभन्दा धेरै पूर्वमन्त्रीको उम्मेदवारी पर्ने क्षेत्र बनेको छ, जसले यहाँको चुनावी प्रतिस्पर्धा रोचक बनाउने छ।

यसबाहेक यस क्षेत्रबाट कांग्रेसबाट चन्द्रकला देवी यादव र राष्ट्रिय स्वतन्त्र पार्टी तपेश्वर यादवले पनि उम्मेदवारी दिएका छन्। उनीहरू यसअघि चुनाव लडेका छैनन्। निर्वाचन अधिकृत शिव वाग्लेका अनुसार, यसरी यस क्षेत्रबाट विभिन्न पार्टी र स्वतन्त्र गरी अहिलेसम्म १९ जनाको उम्मेदवारी दर्ता भइसकेको र अझै हुने क्रममा छन्।

*१९ वर्षपछि...*

अवस्थामा पक्राउ गरिएको हो।

सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार अनुसन्धानको क्रममा बालिकालाई फकाइफुल्याई माया–प्रेमको कुरा गर्दै प्रेम प्रस्ताव राखेको, तर बालिकाले अस्वीकार गरेपछि मुखिया सल र हातले घाँटी थिची हत्या गरेर फरार भएका थिए। बालिकाको हत्यापछि छिमेकी मुलुक भारतमा लुकिछिपी बस्दै आएका उनलाई गाउँ आएको गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले पक्राउ गरी सिराहा जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# सप्तरी–३ बाट यादवको उम्मेदवारी

राजविराज, ६ माघ। जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रतिनिधिसभा निर्वाचनका लागि सप्तरी क्षेत्र नम्बर ३ बाट उम्मेदवारी दर्ता गराएका छन्। यसअघिका निर्वाचनमा उनी सप्तरी–२ बाट उम्मेदवार बन्दै आएका थिए। २०७९ सालको चुनावमा यादव जनमत पार्टीका अध्यक्ष डा. सीके राउतसँग पराजित भएका थिए। राउत क्षेत्र नम्बर २ बाटै उम्मेदवार बनेका छन्।

# उम्मेदवारको अन्तिम नामावली प्रकाशन माघ ९ गते

काठमाडौँ, ६ माघ। निर्वाचन आयोगले फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि दर्ता उम्मेदवारहरुको अन्तिम नामावली माघ ९ गते प्रकाशन गर्ने भएको छ। निर्वाचन आयोगका प्रवक्ता नारायण प्रसाद भट्टराईले माघ ६ गते बिहान १० बजेदेखि साँझ ५ बजेसम्म १६५ वटै निर्वाचन क्षेत्रमा उम्मेदवारी दर्ता भएको भन्दै अन्तिम नामावली माघ ९ गते प्रकाशन गर्ने जानकारी दिए। उनका अनुसार मंगलबार साँझ ६ बजेसम्म महिला ३०३ र पुरुष २३ सय ५२ जनाको उम्मेदवारी परेको छ। आयोगले पहिलो हुने निर्वाचित हुने निर्वाचन कार्यक्रम अनुसार मनोनयन पत्र दर्ता भएका उम्मेदवारहरूको सुची साँझ ५ बजेदेखि ७ बजेसम्म सम्बन्धित निर्वाचन कार्यालयमा प्रकाशित हुनेछ।

त्यस्तै आयोगले माघ ७ गते १० बजेदेखि १ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी लिने तथा सोही दिन ३ बजेदेखि ८ गते बेलुका ५ बजेसम्म उजुरीमाथि जाँचबुझ गरेर ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारहरूको नामावली प्रकाशन गर्नेछ। त्यस्तै माघ ९ गते १० बजेदेखि १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिन सक्नेछन् भने सोही दिन ३ बजेसम्म अन्तिम नामावली प्रकाशित गरी चार बजेदेखि ७ बजेसम्म उम्मेदवारहरूलाई निर्वाचन चिह्न प्रदान गर्ने आयोगले जनाएको छ।

# रौतहट क्षेत्र नम्बर १ बाट पूर्व प्रधानमन्त्री नेपालको उम्मेदवारी

रौतहट, ६ माघ। नेपाली कम्युनिस्ट पार्टी सह संयोजक एवम् पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले प्रतिनिधिसभा निर्वाचनका लागि रौतहट निर्वाचन क्षेत्र नम्बर १ बाट उम्मेदवारी दिएको छ। पूर्व प्रधानमन्त्री नेपालले रौतहट १ बाट उम्मेदवारी दिएको नेपाली कम्युनिस्ट पार्टीका नेता रेवन्त झाले जानकारी दिए। नेपालको संविधानको रक्षा गर्न, संघीयताको रक्षा गर्न, गणतन्त्रको रक्षा गर्न, समाजमा भएका अन्याय अत्याचार अन्त्य गर्न, राजनीतिमा देखिएका विकृति अन्त्य गर्न र नेपालीको हकहितका लागि निरन्तर क्रियाशील रहन आफूले उम्मेदवारी दिएको पुर्व प्रधानमन्त्री नेपालले बताउनु भएको छ।

# पर्साका चार क्षेत्रबाट चुनावी मैदानमा उत्रिए चार पूर्वमन्त्री






वीरगञ्ज, ६ माघ। फागुन २१ गते हुन लागेको प्रतिनिधि सभाको निर्वाचनमा पर्सा बाट पर्साबाट चारजना पूर्वमन्त्रीहरूले उम्मेदवारी दिएका छन्।

पर्साको निर्वाचन क्षेत्र नम्बर १ मा एमालेबाट प्रदीप यादवले उम्मेदवारी दर्ता गराएका छन्। उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल परित्याग गरी गत आइतबार एमाले प्रवेश गरेका यादवले उम्मेदवारी दिएका हुन्। पछिल्लो समय जसपा नेपालबाट टिकट पाउने सम्भावना कमजोर देखिएपछि उनले अन्तिम समयमा पार्टी परिवर्तन गर्दै एमालेका अध्यक्ष केपी शर्मा ओलीबाट टिकट लिए।

०७९ मा पहिलो पटक वनमन्त्री भएका यादव, स्वास्थ्य तथा संख्यामन्त्री हुँदै खानेपानीमन्त्री समेत बने। यादव यसपटक पर्सा–१ बाट हयाट्रिक गर्ने दाउमा छन्। उनी ०७४ मा संघीय समाजवादी फोरम र ०७९ मा जनता समाजवादी पार्टी (जसपा), नेपालबाट निर्वाचित प्रतिनिधिसभा सदस्य थिए। यता नेपाली कांग्रेस पर्सा क्षेत्र नम्बर २ बाट पूर्वमन्त्री अजय कुमार चौरसियाले पनि उम्मेदवारी दिएका छन्। विघटित प्रतिनिधि सभा सदस्य चौरसिया यसअघि केपी शर्मा ओली नेतृत्वको सरकारमा कानूनमन्त्री थिए।

०७९ प्रतिनिधी निर्वाचनमा २८ हजार ४ सय ५१ मत ल्याई विजयी भएका थिए। विद्यार्थी अवस्थादेखि नै राजनीतिमा संलग्न चौरसिया ०५१ सालदेखि नेपाली कांग्रेस, पर्सा जिल्ला कार्यसमिति सदस्य रहँदै आएका थिए। ०५६ मा उनी पर्सा क्षेत्र नम्बर २ बाट सांसदमा निर्वाचित भए। २०५८ सालमा शेरबहादुर देउवा नेतृत्वको सरकारमा उनी स्थानीय विकास मन्त्रालयको सहायक मन्त्री समेत बने। २०६४ मा भएको पहिलो संविधानसभा निर्वाचनमा पर्सा क्षेत्र नं ३ बाट चुनाव जिते। त्यस्तै नेपाली कांग्रेसका अर्का पूर्वमन्त्री सुरेन्द्र चौधरीले पनि पर्सा निर्वाचन क्षेत्र नम्बर ३ बाट उम्मेदवारी दर्ता गराएका छन्।

चार पटक सांसद निर्वाचित भएका र पटक–पटक मन्त्री भइसकेका चौधरी नेपाली काँग्रेस पर्साका पूर्व सभापति, पूर्व केन्द्रीय सदस्य हुन्। वौद्धिक र इमान्दार छवि भएका चौधरीले विज्ञान तथा प्रविधि मन्त्रालय र वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्हालिसकेको अनुभव छ। पर्सा निर्वाचन क्षेत्र नम्बर ४ बाट नेपाली कांग्रेसका रमेश रिजालले पनि मनोनयन दर्ता गराएका छन्। ६ दशक लामो राजनीतिक संघर्ष गरेका रिजालले २०७९ सालको निर्वाचनमा नेकपा एमालेका जालिम मियाँ मन्सुरीलाई पराजित निर्वाचित भएका थिए। रिजालले ३१ हजार १ सय ४२ र मन्सुरीले २५ हजार ६ सय १२ मत पाएका थिए।

पर्साको जगरनाथपुर गाउँपालिका–५, धर्मपुर मसिहानीमा जन्मिएका रिजाल १४ वर्षकै उमेरमा एसएलसी गरेर वीरगञ्जको ठाकुरराम बहुमुखी क्याम्पसबाट वाणिज्यशास्त्रमा स्नातक भए। उनी विद्यार्थी जीवनमा नेविसंघको राजनीतिमा सक्रिय बने। २०२६–०४६ को अवधिमा पटक–पटक गरी ३ वर्ष जेल जीवन बिताए। पर्सा कांग्रेसको सचिवको जिम्मेवारीबाट पार्टी राजनीतिमा आएका रिजालले २०५९ सालमा प्रजातान्त्रिक कांग्रेस गठन हुँदा शेरबहादुर देउवालाई साथ दिएका रिजाल प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) नेतृत्वको सरकारमा ०७९ मा नेपाली काँग्रेसको तर्फबाट उद्योग मन्त्रीमा नियुक्त भएका थिए।

# कांग्रेसको आधिकारिकता विवादमा सर्वोच्चले अन्तरिम आदेश दिएन

काठमाडौं, ६ माघ। गगन थापालाई नेपाली कांग्रेसको सभापतिमा मान्यता दिने निर्वाचन आयोगको निर्णयविरुद्ध परेको रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ। सर्वोच्च अदालतका न्यायाधीश सुनिलकुमार पोखरेलको इजलासले आज अन्तरिम आदेश दिन अस्वीकार गरेको हो।

अब थापा नेतृत्वको कार्यसमितिलाई काम गर्न सहज भएको छ। नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा र कार्यवाहक सभापति पूर्णबहादुर खड्काले विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमिति अवैध रहेको दाबीसहित रिट दायर गर्नुभएको थियो।

आयोगको निर्णयविरुद्ध दायर रिटमा सर्वोच्च अदालतले तत्काललाई अन्तरिम आदेश दिन अस्वीकार गर्दै दुवै पक्षलाई छलफलमा बोलाएको छ।

रिटमा निर्वाचन आयोगको निर्णय खारेज गर्न मागसहित अहिले चलिरहेको प्रतिनिधिसभा सदस्यको उम्मेदवारी दर्ताको प्रक्रिया रोक्नसमेत अन्तरिम आदेश माग गरिएको थियो।

# रुपन्देहीमा सबैभन्दा बढी उम्मेदवार, मुस्ताङ र मनाङमा कम

## सबैभन्दा कम मुस्ताङमा ४ जनाको उम्मेदवारी परेको छ। मनाङमा ५ जनाको उम्मेदवारी दर्ता भएको छ।

काठमाडौं, ६ माघ। १६५ वटा निर्वाचन क्षेत्रमध्ये सबैभन्दा बढी उम्मेदवारी रुपन्देहीमा परेको छ। निर्वाचन आयोगका अनुसार रुपन्देही निर्वाचन क्षेत्र नम्बर २ मा ३५ र रुपन्देही निर्वाचन क्षेत्र नम्बर ३ मा ३७ जनाको उम्मेदवारी परेको छ। सबैभन्दा कम मुस्ताङमा ४ जनाको उम्मेदवारी परेको छ। मनाङमा ५ जनाको उम्मेदवारी दर्ता भएको छ। निर्वाचन आयोगका अनुसार साँझ ५ बजेसम्म २ हजार ६५५ उम्मेदवारी दर्ता भएको छ। यसमा महिलाको संख्या ३०३ छ। पुरुष उम्मेदवारको संख्या भने २ हजार ३५२ रहेको छ। २७५ सदस्यीय प्रतिनिधिसभामा ११० जना समानुपातिक तर्फबाट र १६५ जना प्रत्यक्ष निर्वाचन प्रणाली तर्फबाट निर्वाचित हुन्छन्। समानुपातिक तर्फको मनोनयन गत १३ र १४ पुसमा भइसकेको छ। प्रत्यक्ष तर्फको मनोनयन भएको हो।

# हाजिर जमानीमा छुटे दुर्गा प्रसाईं



काठमाडौं, ६ माघ। राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईं हाजिर जमानीमा रिहा भएका छन्। माघ ५ मा प्रहरीले उनलाई पोखराबाट पक्राउ गरेर काठमाडौँ ल्याएको थियो। प्रसाईंलाई हाजिर जमानीमा रिहा गरिएको जिल्ला सरकारी वकिल कार्यालय काठमाडौँका प्रमुख रामहरी काफ्लेले जानकारी दिए। अनुसन्धान अधिकृतहरूले उनीसँग सार्वजनिक शान्ति विरुद्धको कसुरमा बयान लिएका छन्। प्रसाईंसँग बयान लिइएको जिल्ला प्रहरी परिसर काठमाडौँका एसपी पवन भट्टराईले बताए। उनले भने, 'उहाँलाई हाजिर जमानीमा राखेर अनुसन्धान गर्ने निर्णय भएको छ।'

नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट निर्वाचन सभापति गगन थापा पक्षले निर्वाचन आयोगमा रकम बुझाएर आधिकारिकता लिएको उनले सार्वजनिक अभिव्यक्ति दिएका थिए। आयोगले त्यसबारे अनुसन्धान गर्न प्रहरीलाई पत्राचार गरेको थियो। अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीसँग चौथो पटक भेटेपछि दुर्गा प्रसाईंले फागुन १ देखी घोषणा गरेको आन्दोलन रोकेका छन्।

# सर्लाहीमा शीर्ष नेताहरुको उम्मेदवारी

सर्लाही, ६ माघ। फागुन २१ को प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सर्लाहीमा विभिन्न राजनीतिक दलबाट केही शीर्ष नेताहरुले उम्मेदवारी दर्ता गराएको छ। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले सर्लाही क्षेत्र नं. ४ बाट उम्मेदवारी दर्ता गराएको छ। थापा आफै सहभागी हुन नभ्याएपछि 'वारेस' मार्फत उम्मेदवारी दर्ता गराएको हो। नेपाली कांग्रेस मधेश प्रदेशका उपसभापति तथा मधेश प्रदेश सभा सदस्य वीरेन्द्रप्रसाद सिंहले थापाको उम्मेदवारी दर्ता गराइदिएको हो। त्यस्तै सर्लाही क्षेत्र नं. ४ बाट निवर्तमान प्रतिनिधि सभा सदस्य डा. अमरेशकुमार सिंहले राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवारी दिएको छ।

यो क्षेत्रमा नेकपा एमालेबाट अभिनिस यादव, नेपाली कम्युनिष्ट पार्टीबाट डा. रजनिस राय, जनता समाजवादी पार्टी नेपालबाट रामेश्वर राय यादवले उम्मेदवारी दर्ता गराएको छ। यस्तै सर्लाहीको क्षेत्र नं. ३ मा नेपाली कम्युनिष्ट पार्टीका नारायणकाजी श्रेष्ठले उम्मेदवारी दिएको छ। यो क्षेत्रमा



निवर्तमान प्रतिनिधि सभा सदस्य एवं नेकपा एमालेका हरिप्रसाद उप्रेती, नेपाली कांग्रेसका विनोदकुमार खनाल, राष्ट्रिय स्वतन्त्र पार्टीका नरेन्द्र साहलगायतले उम्मेदवारी दर्ता गराएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

सर्लाहीको क्षेत्र नं. २ बाट राष्ट्रिय मुक्ति पार्टी नेपालका राजेन्द्र महतो र निवर्तमान प्रतिनिधि सभा सदस्य एवं नेपाली कम्युनिष्ट पार्टीका नेता महिन्द्रराय यादवले उम्मेदवारी दर्ता गराउनुभएको छ। क्षेत्र नं. २ मा नेकपा एमालेबाट नागेश्वर साह, नेपाली कांग्रेसबाट कार्यवाहक जिल्ला सभापति डा. सरोज कुमारले उम्मेदवारी दर्ता गराएको छ।

त्यसैगरी सर्लाहीको क्षेत्र नं. १ मा नेपाली कांग्रेसबाट शम्भुलाल श्रेष्ठ, नेपका एमालेबाट मनोजकुमार देवकोटा, नेपाली कम्युनिष्ट पार्टीबाट प्रमोद साह, लोकतान्त्रिक समाजवादी पार्टीबाट निवर्तमान प्रतिनिधि सभा सदस्य रामप्रकाश चौधरी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट नितिमा कार्कीले उम्मेदवारी दर्ता गराएको छ। चारवटै निर्वाचन क्षेत्रमा केही स्वतन्त्र उम्मेदवारी परेको निर्वाचन अधिकृतको कार्यालयहरुले जनाएका छन्। सर्लाहीमा यो पटकको निर्वाचनमा केही शीर्ष नेताहरु समेत आएर चुनावी प्रतिस्पर्धामा होमिएपछि चुनावी माहोल झनै बढेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)